## गाउँ कार्यपालिकाको १४ (चोधौं) बैठक / २०८२/०८३

मिति : २०८२ साल चैत्र ४ गते बुधवार    समय : दिउसो : २ :०० बजे

अध्यक्षता : श्री किरण राई ( गाउँपालिका अध्यक्ष )    स्थान : पौवादुङमा गाउँपालिका

उपस्थिती

| क्र. सं. | पदाधिकारीको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | किरण राई | अध्यक्ष | |
| २ | ज्योत्सना राई | उपाध्यक्ष | |
| ३ | राजेन्द्र तामाङ | सदस्य | |
| ४ | हरेन्द्र बहादुर पौडेल | सदस्य | अनुपस्थित |
| ५ | तिर्थ बहादुर कार्की | सदस्य | |
| ६ | रमेश राई | सदस्य | अनुपस्थित |
| ७ | बोम प्रसाद राई | सदस्य | |
| ८ | दक्ष कुमार राई | सदस्य | |
| ९ | पोसी शेर्पा | सदस्य | |
| १० | ईन्दिरा भट्टराई | सदस्य | अनुपस्थित |
| ११ | पवित्र भुजेल | सदस्य | |
| १२ | लक्ष्मी तामाङ के. सी. | सदस्य | |
| १३ | अमित देवी राई | सदस्य | अनुपस्थित |
| १४ | गोमा बोहोरा (सार्की) | सदस्य | |
| १५ | नविन भट्टराई | सदस्य सचिव | |
| १६ | सुशिला तिवारी | का.व. २ नं. वडा अध्यक्ष | — |

सचिवालय सहयोगी कर्मचारी

१. बैठक व्यवस्थापन तथा माईन्यूट सहयोगी श्री बुद्धिमान तामाङ

प्रस्तावहरु

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।

२. १८ औं गाउँसभाको दोस्रो बैठक सम्वन्धमा ।

३. UWS सँगको साझेदारीमा Fellow Teachers माग गर्ने सम्वन्धमा ।

४. एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यकम सम्सोधन सहित ठेक्का आव्हान सम्वन्धमा ।

५. मिति २०८२।१२।०३ मा हावाहुरीवाट घटेको विपत्त सम्वन्धमा विपत्त व्यवस्थापन समितिको निणर्य अनुमोदन सम्वन्धमा ।

६. अन्य विविध प्रस्ताव सम्वन्धमा ।

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष

मिति २०८२ साल चैत्र ५मा सम्पन्न १४ (चौधौं) कार्यपालिका बैठकबाट पारीत निर्णयहरु :

निर्णय नं. १

गाउँ कार्यपालिकाको तेह्रौं बैठकबाट पारीत निर्णयहरु कार्यान्वयनको सन्दर्भमा समिक्षात्मक छलफल भई जानकारी भयो ।

निर्णय नं. २

२०८२ माघ ६ गतेका दिन स्थगीत गरिएको १८ औं गाउँसभा (हिउँदे अधिवेशन) को दोश्रो बैठक यहि २०८२ चैत्र ६ गते शुक्रबार दिनको ठिक ११:०० बजे गाउँपालिकाको सभाहलमा गर्ने गरी आह्वान गर्ने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ३

यूनाइटेड वर्ल्ड स्कुल्स, नेपाल (UWS) को सहकार्यमा यस गाउँपालिका भित्रका बिभिन्न ११ वटा सामुदायिक बिद्यालयहरुमा शैक्षिक बर्ष २०८३/०८४ को लागि फ्लोशिप कार्यक्रम अन्तरगत दुई जना "फेलो शिक्षक" (Fellow Teacher) व्यवस्थापनको लागि सम्झौता बमोजिम UWS संखुवासभा खाँदबारीलाई अनुरोध गरी पठाउने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ४

पौवादुङमा गाउँपालिका अन्तरगत निम्न स्वास्थ्य चौकी भवन निर्माणको काम बजेट अभावको कारण अधुरो रहेकोले भवन निर्माण तथा स्वास्थ्य उपकरणका लागि आवश्यक बजेट माग गरी पठाईएकोमा एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तरगत मन्त्रालयबाट प्राप्त बजेट देहायानुसार स्वीकृत भई आएकोमा गाउँ कार्यपालिकाको निर्णय एवं कार्यालयको सिफारिस अनुसार निर्माणस्थल फरक पर्न गएकोले निम्नानुसार संशोधन गरी च्याङ्ग्रे र तिवारीभन्ज्याङ्ग दुवै स्वास्थ्य चौकीको नियमानुसार ठेक्का आह्वान प्रक्रिया अगाडी बढाउने सर्व सम्मत निर्णय गरियो ।

देहाय :

| क्र. सं. | स्वास्थ्य चौकी | ठेगाना | आयोजना स्वीकृत भई आएको ठेगाना | संशोधन गरिएको आयोजना र निर्माणस्थल | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|---|---|
| १ | च्याङ्ग्रे स्वास्थ्य चौकी | पौवादुङमा - ३ च्याङ्ग्रे | पौवादुङमा - ४ | च्याङ्ग्रे स्वास्थ्य चौकी भवन निर्माण, पौवादुङमा - ३ च्याङ्ग्रे | पौवादुङमा - ४ बास्तीममा ५ बेडको प्राथमिक स्वास्थ्य सेवा सहितको आधारभूत अस्पताल निर्माण भई हाल संचालनमा रहेको र गाउँ कार्यपालिकाको मिति २०८२/०९/२१ को निर्णयानुसार गाउँपालिकाको च. नं. १२८, मिति २०८२/०५/१८ मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सिंहदरबार काठमाडौमा सिफारिस गरि पठाईएको माग पत्र अनुसार च्याङ्ग्रे स्वास्थ्य चौकी, पौवादुङमा - ३ च्याङ्ग्रे हुनु पर्ने भुलबस पौवादुङमा - ४ बास्तीम हुन गएकोले गाउँपालिकाको निर्णयानुसार पौवादुङमा - ३ च्याङ्ग्रे कायम हुने गरी संशोधन गरिएको । |

निर्णय नं. ५

मिति २०८२ चैत्र २ गतेको हावाहुरीका कारण घटेको विपदजन्य घटनाका पिडित पक्षलाई तत्काल राहत उपलब्ध गराउने गरी स्थानीय विपद व्यवस्थापन समितिले गरेको निर्णय सर्व सम्मत अनुमोदन गरियो ।

प्रस्तुत प्रस्ताव माथिको छलफल समाप्त भएकोले आजको बैठक समापन गरियो ।

नविन भट्टराई
...सकीय अधिकृत

किरण राई
अध्यक्ष